# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।०१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रबन्धक भई हाल नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाई प्रमुख पदमा कार्यरत बिनेश मुनंकर्मीले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज बिनेश मुनंकर्मीले मिति २०५४।११।०१ गते देखि सरकारी/सार्वजनिक पदमा वहाल रही आयोगमा सम्पत्ति बिवरण भरी पेश गरेको मिति २०८०।०८।१४ गतेसम्मको अवधिलाई जाँच अवधि कायम गरी निज र निजको एकाघर परिवार/सगोलमा रहेको व्यक्तिहरूले उपरोक्त अवधिमा बिभिन्न आयका श्रोतहरूबाट कानूनीरुपमा **(Lawfully obtained)** आर्जन गरेका आयहरूलाई आयका रुपमा र सोही अवधिमा निजहरुले बिभिन्न शीर्षकहरूमा गरेको प्रमाणित **(Verified)** खर्चहरूलाई व्ययका रुपमा गणना गरी विश्लेषण गर्दा निजहरुको सम्पूर्ण जाँच अवधिको समग्र आयतर्फ प्रतिवादी बिनेश मुनंकर्मीको पारिश्रमिक/तलब बचत, जग्गा बिक्री आय, ऋण/सापटी आय, शेयर बिक्री आय, लाभांश/मुनाफा आय, विमा परिपक्क/समर्पण आय, दैनिक भ्रमण भत्ता बचत, पुरस्कार रकम, कार्यालयबाट प्राप्त बोनस आय रकम, प्रोत्साहन भत्ता बचत, ब्याज कर कटाई हुन आउने ब्याज आय, आमा बाबुको सामाजिक सुरक्षा भत्ता बचत र बैना आय गरी जम्मा **रु.३,७३,८१,४४४।२० (तीन करोड त्रिहत्तर लाख एकासी हजार चार सय चौवालीस रुपैयाँ र पैसा बीस मात्र)** आय आर्जन गरेको देखिएको।

यसैगरी निजको व्ययतर्फ जग्गा खरिद, घर निर्माण, शेयर खरिद, सवारी साधन मोटरसाइकल खरिद, सुनको गरगहना खरिद, विमा प्रिमियम भुक्तानी, अध्ययन शुल्क भुक्तानी, ऋण सापटी भुक्तानी, व्यवसाय/कम्पनीको लगानी, मुद्दती खातामा रहेको रकम, साथमा रहेको नगद रकम, बिभिन्न बैंक तथा सहकारी संस्थाको खाताहरुमा रहेको मौज्दात रकम, सवारी साधनको नवीकरण शुल्क भुक्तानी र अमेरिकन डलर ने.रु.मा रुपान्तरित रकम गरी जम्मा **रु.६,२४,१५,९६१।३९ (छ करोड चौबीस लाख पन्ध्र हजार नौ सय एकसट्ठी रुपैयाँ र पैसा उनान्चालीस मात्र)** खर्च भएको देखिंदा समग्रमा कुल आय भन्दा कुल व्यय जम्मा **रु.२,५०,३४,५१७।१९ (दुई करोड पचास लाख चौतीस हजार पाँच सय सत्र रुपैयाँ र पैसा उनाइस मात्र)** ले बढी भई स्रोत पुष्टि भएको नदेखिएकोबाट निज राष्ट्रसेवक प्रतिवादी बिनेश मुनंकर्मीले उक्त रकम बराबरको गैरकानूनी सम्पत्ति आर्जन गरेको तथ्य निज प्रतिवादीले प्रचलित कानून बमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएको, निजले मनासिव कारण बिना वैधानिक आयको तुलनामा अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको स्थापित भएको तथा निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरुपयोग गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी श्रीमतीको नाममा सम्पत्तिहरु खरिद गरेको देखिंदा निज बिनेश मुनंकर्मी र निजको श्रीमती पूर्ण केशरी गोसाई उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रबन्धक भई हाल नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गत पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाई **प्रमुख पदमा कार्यरत बिनेश मुनंकर्मी** | **रु.२,५०,३४,५१७।१९** | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिएबमोजिमको कसूरमा बिगो रु. **दुई करोड पचास लाख चौतीस हजार पाँच सय सत्र रुपैयाँ र पैसा उनाइस** कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२) बमोजिम र तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को पहिलो संशोधनको दफा २० को उपदफा (२) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुनका साथै साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग. र दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति जफत गरी असुल उपर हुन एवं निजले वार्षिक रुपमा पेस गरेको सम्पत्ति विवरण फारममा वास्तविक सम्पत्तिको विवरण उल्लेख नगरी सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी यसरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत हुन समेत मागदाबी लिइएको छ। |
| २. | बिनेश मुनंकर्मीको श्रीमती **पूर्ण केशरी गोसाई** | - | प्रतिवादी बिनेश मुनंकर्मीले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरुपयोग गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट श्रीमतीको नाममा खरिद गरिएका सम्पत्तिहरु साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग ऐ. ऐनको दफा २९ को उपदफा (१) र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२), ऐ. ऐनको दफा २० को उपदफा (२), ऐ. ऐनको दफा ४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका प्रचलित कानूनबमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र निजको श्रीमती पूर्ण केशरी गोसाईलाई प्रतिवादी कायम गरिएको छ। |

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी